**अनुसूची-२**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : २६ मिति : २०८३/०६/१३

**भाग-२**

## चुमनुब्री गाउँपालिका लुङटाङ गुम्बा संरक्षण कार्यविधि, २०८३

**चुमनुब्री गाउँपालिका**
**सिर्दिबास, गोरखा**
**गण्डकी प्रदेश**

**प्रस्तावना**

गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका, वडा नम्बर ६ स्थित ढुल्चे देखि नाप्ला (नाक्पोला) सम्मको क्षेत्रमा फैलिएको लगभग आठ सय (८००) वर्ष पुरानो ऐतिहाँसिक धरोहरको रुपमा रहेको लुङटाङ गुम्बाको ऐतिहासिक, सांस्कृतिक, आध्यात्मिक, पुरातात्विक तथा वास्तुकला र धार्मिक महत्वलाई मध्यनजर गरी उक्त गुम्बा क्षेत्रलाई बौद्ध दर्शनको पञ्चशिलमा आधारित एक अहिंसा/श्यागया क्षेत्र एवं पवित्र धार्मिक र सांस्कृतिक भूमिको रुपमा गुम्बाद्धारा सदीयौदेखि संरक्षण गर्दै आएको भूमिकालाई उच्च सम्मान र मान्यता प्रदान गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(७) बमोजिम यस चुमनुब्री गाउँ कार्यापालिकाले यो कार्यविधि स्विकृत गरी लागु गरेको छ।

## परिच्छेद एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "चुमनुब्री गाउँपालिका लुङटाङ गुम्बा संरक्षण कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "बौद्ध धर्मगुरु" भन्नाले लुङटाङ गुम्बाको प्रमुख लामालाई जनाउँदछ र सो शब्दले सिप्चेत, चुम्लिङ र ताँजु गाउँ गरी तीन गाउँका वासिन्दाले नियुक्त गरेको छोकपोनलाई समेत जनाउँदछ ।

(ख) "पञ्चशील" भन्नाले बौद्ध दर्शनमा आधारित पञ्चशीललाई जनाउँदछ ।

(ग) "प्रथाजनित नियम" भन्नाले लुङटाङ गुम्बाले आफ्नो रितिरिवाज, धर्म, सस्कृति र परम्परा अनुसार आफ्नो क्षेत्र, समुदाय र प्राणीको हितका लागि बनाएका नियमलाई जनाउँदछ ।

(घ) "श्यागया परम्परा" भन्नाले बौद्ध दर्शनको पञ्चशीलमा उल्लिखित अहिंसात्मक सिद्धान्तको आधारमा वन्यजन्तु लगायतका जीवजन्तु, पशुपन्छी र प्राणीहरुप्रति गरिने अहिंसात्मक व्यवहारलाई जनाउँदछ।

(ङ) "लुङटाङ गुम्बा" भन्नाले गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका, वडा नम्बर ६ स्थित ढुल्चे देखि नाप्ला (नाक्पोला) र ड्रकमार (भ्रंमर) सम्मको क्षेत्रमा फैलिएको लगभग आठ सय (८००) वर्ष पुरानो ऐतिहासिक धरोहरको रुपमा रहेको तीन गाउँको सामुदायिक लुङटाङ गुम्बालाई जनाउँदछ।

## परिच्छेद दुई
## लुङटाङ गुम्बा संरक्षण सम्बन्धी व्यवस्था

३. **लुङटाङ गुम्बा अहिंसा/श्यागया क्षेत्र एवं पवित्र भूमिको रुपमा रहनेः** (१) लुङटाङ गुम्बा र सो गुम्बाले ऐतिहाँसिक कालदेखि चर्चेको वा भोगचलन गर्दै आएको भूमी तथा क्षेत्र (Land and Territories) यस लुङटाङ गुम्बा अन्तर्गत रहनेछ र उक्त भूमि तथा क्षेत्र अहिंसा/श्यागया क्षेत्र एवं पवित्र भूमिको रुपमा रहनेछ।

(२) लुङटाङ गुम्बाको सिमाना क्षेत्र चुमनुब्री गाउँपालिकाको ढुल्चे देखि नाप्ला (नाक्पोला) र ड्रुकमार (भ्रंमर) को क्षेत्रसम्म रहनेछ र लुङटाङ गुम्बाको सिमानाका विषयमा कुनै पनि निर्णय गर्नु परेमा गुम्बाका धर्मगुरुहरुले ऐतिहाँसिक भोगचलनका आधारमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) लुङटाङ गुम्बा र सो गुम्बाले ऐतिहाँसिक कालदेखि भोगचलन गर्दै आएको भूमी तथा क्षेत्रको संरक्षणका लागि गुम्बाले सामुदायिक आलेख (Community Protocol) बनाई लागु गर्न सक्नेछ ।

(४) लुङटाङ गुम्बाको सिमा क्षेत्र तथा सिमानाका विषयमा कुनै निर्णय गर्नका लागि गुम्बाका धर्मगुरुले सहयोग माग गरेमा गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

४. **लुङटाङ्ग गुम्बा क्षेत्रमा गुम्बाको धार्मिक तथा प्रथाजनित निमय लागु हुनेः** (१) लुङटाङ गुम्बा संरक्षण, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी नियमहरु गुम्बा आफैले निर्धारण गरे बमोजिम हुनेछन्।

(२) लुङटाङ गुम्बा क्षेत्रमा गरिने क्रियाकलापहरुमा गुम्बाको धार्मिक तथा प्रथाजनित निमय लागु हुनेछ।

५. **मौखिक परम्पराः** लुङटाङ गुम्बाका धर्मगुरुहरु र लुङटाङ गुम्बा क्षेत्रका अन्य वासिन्दाहरुको ज्ञान, सीप. अभ्यास र परम्पराहरु एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण गर्ने कार्य मौखिक परम्परामा पनि आधारित हुनेछ र मौखिक परम्परा बैध रुपमा मान्य हुनेछ ।

६. **बौद्ध शिक्षाः** (१) लुङटाङ गुम्बाले बौद्ध परम्परा र धार्मिक अभ्यासहरूमा आधारित बौद्ध शिक्षा कार्यक्रम वा बौद्ध शिक्षासम्बन्धी विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(२) लुङटाङ गुम्बाले बौद्ध दर्शनलाई सुदृढ गर्न गराउनका लागि सम्बोटा लिपि (Sambhota Script) मा शिक्षा दिने गरी बौद्ध विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

(३) लुङटाङ गुम्बाले बौद्ध धर्मग्रन्थका साथै पूजापाठ, मन्त्र, दर्शन, इतिहास र बौद्ध चिकित्सा सम्बन्धी ग्रन्थहरू प्रकाशन गर्न सक्नेछ र यसका लागि गाउँपालिका र अन्य पक्षहरुसँग सहयोग लिन सक्नेछ।

७. **वास्तुकलाः** (१) लुङटाङ गुम्बा र सो गुम्बाले चर्चेको क्षेत्रमा निर्माण तथा मर्मत सम्भारका कार्य गर्दा प्रयोग हुने वास्तुकला परम्परागत बौद्ध वास्तुशैलीमा आधारित हुनु पर्नेछ ।

(२) लुङटाङ गुम्बाको भित्तामा रहने रङ्गीन थाङ्का चित्र, मूर्तिहरू, तस्विरहरु र धार्मिक चिह्नहरूका साथै गुम्बाको मुख्य भवन वा अन्य भागमा रहने प्रार्थना कक्ष, मूर्ति र धार्मिक ग्रन्थहरू परम्परागत बौद्ध वास्तुशैलीमा आधारित हुनेछन् ।

८. **धार्मिक अनुष्ठानः** लुङटाङ गुम्बा बुद्ध दर्शनमा आधारित एक श्रद्धाको केन्द्रको रुपमा रहनेछ र गुम्बामा गरिने नियमित पूजा, ध्यान र धार्मिक अनुष्ठानहरु बौद्ध धर्मदर्शनमा आधारित हुनेछन्।

९. **चाडपर्वः** लुङटाङ गुम्बा र गुम्बाले चर्चेको क्षेत्रमा प्रचलनमा रहेका चाडपर्वहरु बौद्ध परम्परागत चाडपर्वमा आधारित हुनेछन् ।

१०. **सांस्कृतिक पर्यापर्यटनः** लुङटाङ गुम्बा क्षेत्रमा सांस्कृतिक विविधता र प्राकृतिक विविधता एवं सुन्दरतामा आधारित सांस्कृतिक पर्यापर्यटनका कार्यहरु गर्दा लुङटाङ गुम्बाले बनाएका नियमहरुको पालना गर्नु पर्नेछ ।

११. **मेला तथा उत्सवः** विभिन्न बौद्ध परम्परामा आधारित पर्वहरू जस्तै ल्होसार, बुद्ध पूर्णिमा आदि अवसरमा आयोजना गरिने विशेष पूजा र समारोहहरू आयोजना गर्दा श्रद्धालुहरूले गुम्बाले बनाएका नियमहरुको पालना गर्नु पर्नेछ ।

१२. **पदमार्गको प्रयोग र सरसरफाईः** (१) पदयात्रीले लुङटाङ गुम्बा र लुङटाङ गुम्बाले अनुमति प्रदान गरेको क्षेत्रसम्म पदयात्रा गर्नका लागि गुम्बाले तोकेको पदमार्ग मात्र प्रयोग गर्नु पर्नेछ ।

(२) लुङटाङ गुम्बा भ्रमण गर्न आउने र गुम्बा क्षेत्र हुँदै पदमार्गमा आवत जावत गर्ने पदयात्रुहरुको जानकारीका लागि पदयात्रुहरुले पालना गर्नुपर्ने नियम तथा आचार संहिता सहित जानकारी प्रदान गर्नेगरी गुम्बाले गाउँपालिकासँग समेत समन्वय गरी पदमार्गका विभिन्न स्थानहरुमा सूचनापाटीहरु राख्नु पर्नेछ।

(३) पदयात्रीले लुङटाङ गुम्बाको भूमि हुँदै पदयात्रा गर्दा गुम्बा क्षेत्र र सोको आसपासमा कुनै पनि फोहर गर्न पाईने छैन र कुनै पनि प्रकारको फोहर गर्नेलाई गुम्बाले जरीवाना गरी उक्त फोहर सफा गर्न लगाउन सक्नेछ ।

(४) पदयात्री तथा पदमार्गीहरुले एकल वा सामुहिक वा अन्य कुनै पनि रुपमा गुम्बाको क्षेत्रमा लुङटाङ गुम्बाको सहमति नलिई टेन्ट राख्ने वा जग्गा भोगचलन गर्ने लगायत गुम्बाले निषेध गरेका कार्यहरु गर्न गराउन पाईने छैन ।

१३. **श्याग्या परम्परा लागु हुनेः** लुङटाङ गुम्बा क्षेत्रमा रहेका वन्यजन्तु लगायतका जैविक विविधता संरक्षणका लागि चुमनुब्री गाउँपालिकाको श्याग्या परम्परा सरक्षण ऐन, २०७९ मा गरिएको श्याग्या परम्परा सम्बन्धी व्यवस्था लागु हुनेछ ।

## परिच्छेद तीन
## विविध

१४. **सहमति लिनु पर्नेः** लुङटाङ गुम्बाले ऐतिहाँसिक रुपमा भोगचलन गर्दै आएको क्षेत्रको भूमिमा गुम्बा बाहेकका अन्य पक्षहरुले कुनै पनि प्रयोजनका लागि उक्त भूमि प्रयोग गर्नु पर्ने भएमा गुम्बाका धर्मगुरुहरुसँग समन्वय र परामर्श गरी धर्मगुरुहरुको सामुहिक भेलाबाट गुम्बाले निर्धारण गरेको निर्णय प्रक्रिया अवलम्बन गरी गुम्बाको सहमति लिनु पर्नेछ ।

१५. **पशु चरीचरन गराउनेहरुले गुम्बालाई सहयोग गर्नु पर्नेः** गुम्बाको जग्गा प्रयोग गरी याक चौरी लगायतका पशु चरीचरन गराउने पशुपालकहरुले गुम्बामा बत्ति बाल्न र धर्म संस्कृतिसम्बन्धी कार्यहरु गर्नका लागि परम्परादेखि घ्यू दान गर्दै आएको कार्यलाई निरन्तरता दिनु पर्नेछ ।

१६. **निर्णय प्रक्रियाः** लुङटाङ गुम्बाको संरक्षण र व्यवस्थापन सम्बन्धी निर्णय प्रक्रियाहरु पञ्चशीलका सिद्धान्तको आधारमा प्रथाजनित नियममा आधारित हुनेछन् ।

१७.**लुङटाङ गुम्बा क्षेत्रका जडीबुटीको सदुपयोगः** लुङटाङगुम्बाले भोगचलन गर्दै आएको क्षेत्रमा जडीबुटी उपलब्ध भएमा त्यस्ता जडीबुटी संकलन र सदुपयोग गरी स्वास्थ्य उपचारमा प्रयोग गर्नका लागि गुम्बा आफैले संकलन गर्नुका साथै आम्चीहरुलाई संकलन अनुमति दिन सक्नेछ ।

१८.**अनुदान सहयोग लिन सक्नेः** लुङटाङ गुम्बाले गुम्बाको हितका लागि प्रचलित नेपाल कानून बमोजिम सरकारी निकायबाट सहयोग लिन सक्नेछ ।

१९. **लुङटाङ गुम्बाको अनुगमनः** लुङटाङ गुम्बाले शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाका क्षेत्रमा गर्दै आएको कार्यहरुका बारेमा गाउँपालिकाले समय समयमा गुम्बाका धर्मगुरुहरुलाई समेत सहभागी गराई अनुगमन गर्न सक्नेछ । तर अनुगमनका क्रममा गुम्बाको प्रथाजनित अभ्यासमा कुनै प्रभाव पार्न पाइने छैन ।

२०. **जानकारी गराउनु पर्नेः** लुङटाङ गुम्बा क्षेत्रमा कुनै प्रकोप लगायतका समस्याहरु आईपरी गाउँपालिका र अन्य निकायहरुको सहयोग लिनु पर्ने भएमा समयमा नै सम्पर्क गरी जानकारी गराउनु पर्नेछ ।

२१.**बचाउ तथा संशोधनः** चुमनुब्री गाउँपालिकाले यस अघि सेराङ गुम्बा तथा श्रृङ्गी हिमाल संरक्षण सम्बन्धी गरेका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ । कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिको संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत